# टस्सिभ–डी (TUSSIVE-D) / टस्सिभ डी एक्स (TUSSIVE Dx)

Dextromethorphan Hydrobromide, Chlorpheniramine Maleate and Phenylephrine Hydrochloride Syrup

## टस्सिभ–डी/टस्सिभ डी एक्स के हो ?

यो औषधि सुख्खा खोकी लाग्दा प्रयोग गरिन्छ। यसमा भएका तत्वहरुले खोकीलाई नियन्त्रण गर्नुका साथै हाच्छ्युँ आउने, सिंगान बग्ने र नाक बन्द हुने समस्यालाई कम गर्छ।

## टस्सिभ–डी को हरेक ५ मि.लि.मा

| | | |
|---|---|---|
| Dextromethorphan Hydrobromide | IP | 7.5mg |
| Chlorpheniramine Maleate | IP | 1 mg |
| Phenylephrine Hydrochloride | IP | 2.5 mg |

## टस्सिभ डी एक्स को हरेक ५ मि.लि.मा

| | | |
|---|---|---|
| Dextromethorphan Hydrobromide | IP | 15 mg |
| Chlorpheniramine Maleate | IP | 2 mg |
| Phenylephrine Hydrochloride | IP | 5 mg |

## टस्सिभ–डी/टस्सिभ डी एक्स कहिले खाने ?

सुख्खा खोकी लागेको बेला

## टस्सिभ–डी/टस्सिभ डी एक्स कसरी खाने ?

### टस्सिभ–डी को मात्राः

**बच्चाः** ५ देखि १० मि.लि. दिनको ३–४ पटक अथवा चिकित्सकको सल्लाह बमोजिम।

- ४ वर्ष भन्दा मुनिका बच्चालाई चिकित्सकको सल्लाह बमोजिम मात्र यो औषधि खुवाउनु होला।
- औषधि प्रयोग गर्दा बोतलसँग आउने बिर्कोको प्रयोग गर्नुहोस्।
- तोकिएको मात्रा भन्दा बढी प्रयोग नगर्नुहोस्।
- सात दिन भन्दा बढी प्रयोग नगर्नुहोस्।

## टस्सिभ डी एक्स को मात्राः

१२ वर्ष भन्दा माथिको लागि ५-१० मि.लि. दिनको ३-४ पटक अथवा चिकित्सकको सल्लाह बमोजिम।

- औषधि प्रयोग गर्दा बोतलसँग आउने बिर्कोको प्रयोग गर्नुहोस्।
- तोकिएको मात्रा भन्दा बढी प्रयोग नगर्नुहोस्।
- सात दिन भन्दा बढी प्रयोग नगर्नुहोस्।

## टस्सिभ-डी/टस्सिभ डी एक्स प्रयोग गर्नु पूर्व सतर्कता अपनाउनु पर्ने अवस्थाः

- दम, खकार आउने खोकी, चुरोट सेवनबाट भएको खोकी भएमा डाक्टरलाई यसबारे जानकारी दिने।
- उच्च रक्तचाप, मुटु सम्बन्धि रोग भएमा।
- आँखामा हुने तरल पदार्थको चाप धेरै भएमा।

## टस्सिभ-डी/टस्सिभ डी एक्स प्रयोग गर्न नहुने अवस्थाः

- यदि १४ दिन अघि MOA Inhibitor समुहको कुने औषधि जस्तैः linezolid, phenelzine, isocarboxazid, rasagiline, selegiline, tranylcypromine प्रयोग गर्नु भएको छ भने टस्सिभ-डी/टस्सिभ डी एक्स नखानु होला।
- यसमा भएका कुनै औषधि प्रति अति संवेदनशीलता भएमा।
- अति उच्च रक्तचाप भएमा।
- जल विन्दु भएमा।
- पिसाब नलाग्ने समस्या भएमा।
- दम भएमा।
- पेट वा आन्द्रामा अल्सर रहेमा।

## नकारात्मक असरहरु :

वाकवाकी, बान्ता, मुख सुख्खा हुनु, निन्द्रा नलाग्नु, रिंगटा लाग्नु।
यदि हात खुट्टा काम्ने, मुटुको धड्कन छिटो छिटो हुने, पिसाब गर्न गाह्रो हुन गएमा औषधिको सेवन बन्द गरि दिनुहोला।

यो औषधि गर्भवती तथा स्तनपान गराउनेले सकेसम्म नखानुहोला। आवश्यक परे चिकित्सकको सल्लाह बमोजिम मात्र खानुहोला।
टस्सिभ-डी ५० मि.लि.को बोतलमा र टस्सिभ डी एक्स १०० मि.लि.को बोतलमा उपलब्ध छ।

## भण्डारण गर्ने तरिका :

सुख्खा ठाउँमा राख्नुहोस् ।
३० डि.से भन्दा कम तापक्रममा राख्नुहोस् ।
बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस् ।

*This content was last revised on June 2026.*